**धोविनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
लंगडी,पर्सा
२ नं. प्रदेश, नेपाल

# पोखरी खुला डाक बढाबढको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०७८/०३/१०गते)**

यस धोबिनी गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुमध्ये **पुरैनिया** पोखरीमा माछा पालन गरि बिक्रि वितरण गर्नलाई आ.ब.२०७८/०७९ देखि २०८२/०८३ सम्म पाँच बर्षका लागि खुल्ला डाक बढाबढ द्वारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का साकार गर्ने इच्छुक व्यक्ति वा इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वक निवेदन पेश गर्नु हुन यो १५ (पन्ध्र ) दिने सुचना प्रकाशित गरिएको छ ।

**१. निवेदन दिनुपर्ने अन्तिम मिति** : यो सुचना प्रकाशित भएको मिति देखी १५औं दिनसम्म वा अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दिउसो २:०० बजे सम्म,यस कार्यालयको नाममा एन.आई.सी.एसिया बैक लंगडी शाखामा यस कार्यालयको आन्तरिक राजस्व खाता **E0CA051121852402** मा रु ३०००।- (तीन हजार मात्र) (पछि फिर्ता नहुने गरी) रकम बुझाई रिसिद संलग्न रखी यस कार्यालयमा सम्बन्धित व्यक्तिले नागरिकताको प्रतिलिपी वा फर्म/संस्थाका अधिकार प्राप्त प्रतिनिधिले (फर्म/संस्थाको हकमा आद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीको दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.ब.२०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र ) निवेदन साथ पेश गरी निवेदन दर्ता गराउनु पर्नेछ ।

**२.ठेक्काको किसिम** : खुल्ला डाँक बढाबढ। डाँक बढाबढमा आफुले राखेको धरौटी रकम बमोजिमको कबोल अंक भन्दा बढी कबोल बोल्ने पाईने छैन ।

**३.धरौटी सम्वन्धमा** :- धरौटीको रकम नेपाली नागरीक भए ५% (पाँच प्रतिशत) विदेशी नागरिक भए १०% (दस प्रतिशत),आफुले कबोल गर्ने अंकको रकम पहिला नै यस कार्यालयको नाममा एन.आई.सी.एसिया बैक लंगडी शाखामा यस कार्यालयको धरौटी खाता न. **E0CA051121852403** मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (निवेदन बुझाउने अन्तिम मिति देखी) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड वा बैंक ग्यारेन्टी डाँक बढाबढ हुनु भन्दा कम्तिमा १ (एक) घण्टा अगावै पेश गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडवण्ड यो सुचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिईनेछ ।

**४.खुल्ला डाँक बढावढ हुने मिति, समय र स्थान** :- २०७८/०३/२६ गते बिहान ११ बजे देखि, धोबिनी गाउँपालिकाको कार्यालय, लंगडी, पर्सा । डाँक बढाबढ सम्बन्धि सुचना संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ ।

५. ठेक्का स्वीकृत सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको ५ किस्तामा गरि प्रथम किस्ता वापतको रकम यस कार्यालयको आन्तरिक राजस्व खाता **E0CA051121852402** मा दाखिला गरि सक्कलै भौचर यस कार्यालयमा पेश गरि बाकी किस्ता रकम बराबरको बैंक ग्यारेन्टी वा जग्गा जेथा जमानी साथ कार्यालयमा उपस्थित भइ कबुलियत समेत गरि दिनु पर्दछ ।

६. ठेक्का स्वीकृतिको सूचना पाएको वा घर दैलोमा टाँस भएको मितिले ७ दिन भित्र ठेक्का पट्टा उठाउन नआएमा वा दाखिला गर्नु पर्ने प्रथम किस्ता रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिनेछ र डांक बढाबढमा दोश्रो बोल कबोल गर्ने फर्म/ठेकेदारलाई सूचना दिई सम्झौता गर्न सकिने छ तथा दोश्रो बोल कबोल गर्ने फर्म/ठेकेदारले पनि ठेक्का पट्टा उठाउन नआएमा निजको पनि धरौटी रकम जफत गरि तेस्रो बोल कबोल गर्ने फर्म/ठेकेदारलाई सूचना दिई सम्झौता गर्न सकिनेछ साथै निजपनी नआएमा तेश्रो फर्म/ठेकेदारको पनि धरौटी रकम जफत गरि पुनः टेन्डर आह्वान गरिनेछ ।

**७. किस्ता रकम बुझाउने प्रक्रिया**:- ठेक्काको कुल रकमको ५ किस्ता गरि प्रथम किस्ताको रकम ठेक्का स्वीकृत भएको ७ दिनभित्र र बाकी ४ किस्ताको रकम प्रत्येक बर्षको आषाढ मसान्त भित्र (एक बर्ष अगावै) दाखिला गर्नु पर्नेछ ।

८. बोल बोल्दा एक पल्टमा रु.२५,०००/०० भन्दा बढीको फरक पारी बोल्न पाईने छैन ।

९. ठेक्काको किस्तामा कुनै किसिमको मिनाहा दिइने छैन ।

१०. धरौटी वापतको ५ % रकम अन्तिम किस्तामा मिनाहा गरिनेछ ।

११. आफुले कबोल गरेको ठेक्का रकम एकमुष्ट बुझाएमा ५ % रकम छुट दिइनेछ र समयमा किस्ता रकम नबुझाएमा किस्ताको १०% रकम जरिबाना समेत तिर्नु पर्नेछ ।

१२. यस सुचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३.अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन,२०६३ (संशोधन),सार्वजनिक खरिद नियमावली २०६३(संशोधित) तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१४. डाँक बढाबढ सम्बन्धि थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner